प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

# कृषि प्राविधिकधारका विद्यालयमा अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** समग्र कृषि क्षेत्रको दिगो विकास र आर्थिक उन्नतिका लागि कृषि शिक्षा, अनुसन्धान र प्रसारको महत्वपूर्ण भूमिका रहेकोले कृषि शिक्षाको विकासका लागि सार्वजनिक, सामुदायिक र निजी साझेदारी कृषि प्राविधिकधारका (कृषि तथा पशु) विद्यालयलाई प्रोत्साहन गर्न अनुदान सहयोग दिन वाञ्छनीय भएकोले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपले कार्यान्वयन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा (४) को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"कृषि प्राविधिकधारका विद्यालयमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"अध्ययन संस्थान"** भन्नाले कृषि तथा पशुसँग सम्बन्धित विषयमा स्नातक तहको कार्यक्रम सञ्चालन गरिरहेका प्रदेश नं ५ भित्र सञ्चालनमा रहेका मान्यता प्राप्त शैक्षिक संस्थाहरुलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले कृषि प्राविधिकधारका विद्यालयलाई र अध्ययन संस्थालाई अनुदान दिने उद्देश्यले सञ्चालित कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कार्यालयहरुलाई सम्झनु पर्छ।

(घ) **"कृषि प्राविधिकधारका विद्यालय"** भन्नाले प्रदेश नं. ५ मा रहेका सम्पूर्ण कृषि तथा पशुसँग सम्बन्धित विषयहरु अध्यापन गराईरहेका नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालयलाई सम्झनु पर्छ। सो शब्दले अध्ययन संस्थानलाई समेतलाई जनाउँछ।

(ङ) **"द्विपक्षीय/वहुपक्षीय सम्झौता"** भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बीच प्राविधिकधारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रम सम्पन्न गर्नका लागि गरिएको सम्झौतालाई सम्झनुपर्छ।



सचिव

(च) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(छ) "प्रस्ताव" भन्नाले कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान कार्यक्रम सञ्चालन गर्नको लागि कृषि प्राविधिकधारका विद्यालयले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरणलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) "विज्ञ केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लामा भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित अनुदान व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

(ठ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लामा भएको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यहरु</u>: यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) विद्यार्थीहरुको व्यवहारिक ज्ञानमा सुधार ल्याउदै प्रविधि प्रदर्शन तथा उपयोगको माध्यमबाट उद्यमशील बनाउने कार्यमा टेवा पुऱ्याउने,

(ख) कृषि तथा पशुसँग सम्बन्धित विषयमा अध्यापन कार्य गरी रहेका अध्ययन संस्थान तथा कृषि प्राविधिकधारका विद्यालयहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने,

(ग) अध्ययन संस्थान तथा कृषि प्राविधिकधारका विद्यालयहरुबाट विकास गरिएका प्रविधिहरुको प्रसार तथा उत्पादन क्षेत्र विकास गर्दै लैजाने र

(घ) कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रम सरल, सहज र पारदर्शी ढंगबाट सञ्चालन गर्ने।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद २

## कार्यक्रममा सञ्चालन विधि तथा क्रियाकलापहरु

४. क्रियाकलापहरु: यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि रकम उपलब्ध गराईने छः-

| क्र.सं. | क्रियाकलाप | खर्च सीमा |
|---|---|---|
| १ | प्रयोगशाला उपकरणहरु तथा रसायनहरु | कुल स्वीकृत कार्ययोजनाको अधिकतम ३० प्रतिशत |
| २ | पुस्तकालय सुदृढीकरण (कृषिसँग सम्बन्धित पुस्तकहरु) | कुल स्वीकृत कार्ययोजनाको अधिकतम १० प्रतिशत |
| ३ | प्रविधि प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार | |
| ३.१ | कुखुरा/टर्की/हास पालन (चल्ला खरिद, खोर निर्माण, दाना खरिद, आदि) | बढीमा २० प्रतिशत |
| ३.२ | बाखा पालन (पाठापाठी खरिद, खोर निर्माण, दाना/घाँस खेति, आदि) | |
| ३.३ | बंगुर पालन (पाठापाठी खरिद, खोर निर्माण, आदि) | कुल स्वीकृत कार्ययोजनाको अधिकतम ५० प्रतिशत |
| ३.४ | मत्स्य पोखरी निर्माण (भुरा खरिद, फिडर, एरेटर, आदि) | |
| ३.५ | गोठ तथा खोर निर्माण तथा गाई भैसी पालन र घाँस खेति, आदि | |
| ३.६ | तरकारी खेती (मल, विउ, औजार उपकरण, मिनी टिलर, प्लाष्टिक टनेल/घर, आदी) | |
| ३.७ | च्याउ/मौरी/ पुष्प आदिको विउ, घार खरिद | |
| ३.८ | फलफूल नर्सरी तथा बगैचा प्रदर्शनी | |

(२) कुखुरा फार्ममा कम्तीमा ३०० वटा स्थानीय कुखुरा, ५०० ब्रोईलर कुखुरा, ३०० गोटा लेयर्स कुखुरा, २५० गोटा टर्की, अटोमेटिक फिडर सहितको वैज्ञानिक खोर निर्माण गरेको हुनु पर्नेछ।

(३) बाखा फार्ममा स्थानीय तथा वर्ण शंकर जातका कम्तिमा १५ वटा माउ बाखा राखेको हुनु पर्नेछ।

(४) बंगुर फार्ममा स्थानीय तथा वर्णशंकर जातका कम्तिमा १० वटा माउ बंगुर राखेको हुनु पर्नेछ।

सचिव

(५) मत्स्य पालनको लागि कम्तिमा ६ कठ्ठाको पोखरी निर्माण गरी विभिन्न जातका माछा राखेको हुनु पर्नेछ।

(६) गाई/भैंसी फार्मको हकमा कम्तिमा १० माउँ गाई भैंसी पालन गरेको र सो को वैज्ञानिक खोर गोठ व्यवस्थापन गरेको हुनु पर्नेछ।

(७) तरकारी खेतीको लागि उच्च प्रविधियुक्त संरचना निर्माण गरी प्लास्टिक मलचिङ्ग र ड्रिप सहितको प्रविधि अपनाउनु पर्नेछ।

(८) मौरी पालनको लागि आधुनिक औजार उपकरण सहित कम्तिमा ५० वटा आधुनिक घार हुनु पर्नेछ।

(९) च्याउ उत्पादनको लागि आधुनिक संरचना तथा उपकरण सहित कम्तिमा वार्षिक ५०० पोका (४०० ग्रामको) बाट च्याउ उत्पादन हुनु पर्नेछ।

(१०) फलफूल नर्सरी तथा बगैंचा स्थापनाको लागि उच्च प्रविधि अपनाइएको रेखाङ्कन सहितको बगैंचा कम्तिमा २५०० वर्ग मिटरको हुनु पर्नेछ।

(११) पुष्प तथा अन्य कृषिजन्य वाली प्रदर्शनीको लागि बाली विशेष अनुसार उच्च प्रविधियुक्त संरचना सहितको उत्पादनमुखी प्रदर्शनीस्थल हुनु पर्नेछ।

५. कार्यक्रम सञ्चालन प्रक्रियाः (१) निर्देशनालय/कार्यालयले अनुसूची-१ बमोजिमको १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रदेश नं ५ भित्र रहेका सम्पूर्ण कृषि प्राविधिकधारका विद्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछन् तर अध्ययन संस्थानहरुको हकमा सिधै पत्राचार गरी ७ दिनभित्र आवेदन माग गर्न सकिनेछ।

(३) आवेदन पेश गर्दा प्रस्तावकहरुले अनुसूची-३ बमोजिमको संक्षिप्त कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(४) जिल्लागत प्राविधिकधारका विद्यालयहरुको हकमा सम्बन्धित विज्ञ केन्द्रको संयोजकत्वमा रहने दफा ७ बमोजिमको समितिले अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्नेछ।

(५) दफा ७ बमोजिमको समितिले सिफारिस गरे अनुसार औचित्यताका आधारमा अनुदान व्यवस्थापन समितिले अनुदान स्वीकृत गरी अनुसूची-५ बमोजिमको सम्झौता कार्य गर्न/गराउन निर्देशनालय/कार्यालयलाई निर्देशन गर्नेछ।

(६) अध्ययन संस्थानको हकमा अनुदान व्यवस्थापन समितिले प्रस्तावनाहरुको मूल्याङ्कन गर्नका लागि आवश्यक मूल्याङ्कनका मापदण्डहरु तयार गरी मुल्याङ्कन गरी स्वीकृत गर्नेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

(७) विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गर्ने विद्यालयलाई पुनः अनुदान उपलब्ध गराइने छैन।

तर, अध्ययन संस्थानको हकमा यो नियम लागू हुने छैन।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्था

६. अनुदान व्यवस्थापन समितिः (१) कृषि प्राविधिकधारका विद्यालयलाई अनुदान कार्यक्रम सञ्चालन, व्यवस्थापन, समन्वय एवम् सहजीकरण गर्नको लागि देहाय बमोजिमको एक अनुदान व्यवस्थापन समिति रहनेछ।

(क) प्रमूख, सम्बन्धित कार्यालय - संयोजक
(ख) सम्बन्धित महाशाखा वा शाखा प्रमुख - सदस्य
(ग) आर्थिक प्रशासन प्रमुख - सदस्य
(घ) कानुन वा प्रशासा शाखा प्रमूख - सदस्य
(ङ) कोष तथा लेखा नियन्त्रकको कार्यालय - सदस्य
(च) कार्यक्रम हेर्ने अधिकृत - सदस्य-सचिव

(२) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार बढिमा २ जना विज्ञ, विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण कार्यका लागि उपसमिति वा कार्यदल गठन गरी जिम्मेबारी तोक्ने,
(ख) सहयोग प्राप्त गर्ने अध्ययन संस्था छनौटका लागि न्युनत्तम मापदण्ड तोक्ने, मुल्याङ्कनका आधारहरु तोक्ने, मुल्याङ्कन गर्ने/गराउने र सम्झौताका लागि कार्यालयलाई सिफारिस गर्ने,
(ग) मूल्याङ्कन तथा सिफारिस समिति वा कार्यदलबाट मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी स्वीकृतिको लागि सिफारिस गर्ने,
(घ) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतिकरण गर्ने,

सचिव

मा. आरती पौडेल
मन्त्री

(ङ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ र आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य पुन गराउन सक्नेछ।

(च) अनुदान रकमको हिसाव पेश नगर्ने वा सदुपयोग नगर्ने प्रस्तावकलाई कारवाहीका लागि प्रक्रिया अगाडी बढाउने,

(छ) अनुदान व्यवस्थापन सम्वन्धी आवश्यक निर्णय गर्ने ।

## परिच्छेद-४

## सम्झौता तथा अनुदान रकम प्रवाह सम्बन्धी व्यवस्था

७. <u>सम्झौता अनुसार कार्यक्रम सञ्चालन हुने:</u> (१) कार्यक्रम सञ्चालनको लागि अनुसूची-५ अनुसार सम्झौता गरी सोही बमोजिम अनुदान रकम प्रवाह गरिनेछ। यसरी अनुदान प्रवाह गर्दा प्राविधिकधारका विद्यालयहरुको हकमा एउटा जिल्लाबाट एउटा मात्र प्राविधिकधारको विद्यालयलाई प्रस्तावित कूल रकमको ५०% वा अधिकतम रु. १२ लाख र अध्ययन संस्थानको हकमा अधिकतम रु. २० लाखसम्ममा जुन कम हुन्छ सोही रकम उपलब्ध गराईनेछ।तर यस सम्बन्धमा कुनै जिल्ला विशेषबाट कुनै पनि प्रस्ताव पेश नभएमा प्राथिमकताक्रम अनुसार अन्य जिल्लाबाट छनौट गर्नमा बाधा पर्ने छैन।

(२) कार्यक्रम सञ्चालनको लागि पेश्कीको व्यवस्था गरिनेछैन। अनुदानग्राहीले स्वीकृत कार्ययोजना अनुसारका कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न भएको प्रतिवेदन र अन्य सबै आवश्यक कागजातहरु सहित भुक्तानीका लागि निर्देशनालय/कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) भुक्तानी गर्दा सम्बन्धित विज्ञ केन्द्रले स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी कार्यसम्पन्नताको आधारमा दुई किस्तामा भुक्तानी हुनेछ। यसरी भुक्तानी गर्दा ५० प्रतिशत सम्पादित कार्यपश्चात अनुदान रकमको पहिलो किस्ता वापत ४० प्रतिशत र शतप्रतिशत कार्यसम्पादन पश्चात प्रतिवेदनका आधारमा बाँकी ६० प्रतिशत अनुदान रकम भुक्तानी हुनेछ।

(४) रकम भुक्तानी एकाउन्टपेयी चेक मार्फत भुक्तानी गरिनेछ र सो को सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा राख्ने दायित्व समेत अनुदानग्राहीको हुनेछ।

(५) सम्झौता बमोजिम कार्यसम्पन्न गरी समयमा भुक्तानी माग्न नआएमा भुक्तानीका लागि मन्त्रालय वा मातहतका कार्यालय बाध्यकारी हुने छैन।

(६) अन्य विषयहरु सम्झौता पत्रमा उल्लेख भए अनुसार तथा प्रचलित कानून बमोजिम हुनेछ।

सचिव

परिच्छेद -५

अनुगमन सम्बन्धी व्यवस्था

८. कार्यक्रमको अनुगमनः कार्यक्रमको अनुगमन मन्त्रालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालयबाट संयुक्त वा छुट्टा छुट्टै गर्न सकिनेछ।

परिच्छेद-६

विविध

९. सार्वजनिक परीक्षणः यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१०. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएको अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११. सूचना दिनुपर्नेः यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्नु पर्नेछ।

१२. बाधा अड्चन निरुपण, संशोधनः (१) यस कार्यविधि कार्यान्वयनमा केही द्विविधा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानूनको सहमति लिई मन्त्रालयले यो कार्यविधि संशोधन गर्न सक्नेछ।

(३) मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१३. खारेजी तथा बचाउ : "कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" खारेज गरिएको छ सो कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

सचिव

गा. आरती पौडेल
मन्त्री

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको लागि प्रस्ताव अह्वानको सूचनाको ढाँचा**

यस कार्यालयको आ.व.२०......./............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राविधिकधारका विद्यालयलाई अनुदान कार्यक्रम रहेको हुँदा इच्छुक प्राविधिकधारका सरकारी विद्यालयहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरी एको छ। यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र तपसिल अनुसारका कागजातहरु संलग्न राखी तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु हुन यसै सूचनाद्वारा सूचित गरी न्छ।

तपसिलः

१.अनुसूची-२ अनुसारको आवेदन फारम र तोकिएका कागजातहरु

२.अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा ... पौडेल
मन्त्री

अनुसूची– २

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

आवेदन-पत्रको ढाँचा

श्री प्रमुख ज्यू,

...........................................

.....................।

विषयः प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रम सम्बन्धमा।

महोदय,

यस विद्यालय श्री ........................................लाई उक्त अनुदान सहयोग प्राप्त गरी .......................... कार्य गर्न आवश्यक भएकोले निम्नानुसार कागजात संलग्न गरी निवेदन गरी एको छ। विद्यालयले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछु। पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध छ।

तपसिल

१. अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना,
२. शिक्षा विकास तथा समन्वय ईकाईवाट सामुदायिक विद्यालय भनी प्रमाणित गरी कार्यक्रममा सहभागिताका लागि सिफारिसपत्र,
३. कृषि तथा पशु सम्बन्धी प्राविधिक शिक्षा अध्यापनका लागि अनुमती पत्रको प्रतिलिपी,
४. अघिल्लो आ.ब.को लेखा परीक्षण प्रतिवेदन,
५. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी (जग्गा भाडामा लिएको हकमा न्युनत्तम १५ वर्षका लागि प्राविधिकधारका विद्यालयलाई उपलब्ध गराईएको सम्झौता पत्र समेत),
६. विद्यालय सञ्चालक समितिको निर्णयको प्रतिलिपि र
७. प्रस्तावको लगानी सुनिश्चितता खुल्ने आ.व. २०७५/७६ को सुचना प्रकाशन भएको महिनासम्मको प्राविधिक धारको विद्यालयको बैंक खाताको कारोवार र संचिती विवरण (बैंक स्टेटमेन्ट)।

विद्यालयको

नाम र छापः

प्रमुखको दस्तखतः

ठेगानाः सम्पर्क नं.

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची-३

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको प्रस्तावको ढाँचा

१. विद्यालय/संस्थानको नाम : ...................................................................

२. ठेगाना: जिल्ला: ............................. गा.पा./न.पा. .......................... वडा नं ........

गाउँ/टोल: .............................

३. प्राविधिक विद्यार्थीहरुको संख्या:

| क. सं. | विद्यालयको कार्यक्रम (कोर्स) | विद्यार्थी संख्या | छात्रा | छात्र |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. आ.ब. २०७५/७६ को नतिजामा उत्तिर्ण विद्यार्थी संख्या

परीक्षामा सामेल कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी..........

परीक्षामा उत्तिर्ण गरेका कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी उत्तिर्ण.........

परीक्षामा सामेल कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी उत्तिर्ण प्रतिशत ......

५. अनुदान माग गरेको शिर्षक/विषय:.............

६. हालको अवस्था..........................

७. अनुदान माग गरेको अनुदान रकम:............................

८. आफ्नो लगानी :

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

सञ्चालन गरीने क्रियाकलापहरु तथा समयसीमा

| क.सं. | सञ्चालन गरीने क्रियाकलाप | अनुदान सहयोग | विद्यालयको लगानी | जम्मा लगानी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

९. प्रस्तावित नमूना प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार कार्यक्रमको व्यवसायिक योजना

१०.१ उत्पादन योजना ( उत्पादन के, किन, कसरी, कहाँ, कहिले, कुन-कुन सामग्री र लागत लगाएर कति कति मात्रामा कुन-कुन वस्तु उत्पादन हुनेछ अनिवार्य खुलाउने)

१०.२ आपुर्ति योजना (कुन-कुन सामाग्री के कति मात्रा र लागतमा कहा कहा वाट कसरी जुटाईन्छ समेत अनिवार्य उल्लेख गर्ने)

१०.३ वित्तीय योजना (लगानीका कति श्रोतहरु, कहाँ-कहाँबाट, के कसरी जुटाईन्छ ? के कति आम्दानी र वार्षिक वचत हुन्छ ? वार्षिक प्रति एकाई लागतले कति प्रतिफल दिन्छ र लगानी उठाउन कति समय लाग्छ सो को हिसाव र योजना अनिवार्य उल्लेख गर्ने)

१०.४ बजारीकरण योजना (कूल उत्पादित बस्तुको के कति मात्रा कसरी बजारीकरण हुन्छ अनिवार्य खुलाउने)

११. विगत २ वर्षमा प्रस्तावित नमूना प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार कार्यक्रम सम्वन्धी अभ्यासमा विद्यालयको अनुभव।

- प्रस्तावित क्रियाकलापहरुमा विद्यार्थी परिचालन तथा संरचनाहरु उपयोग तथा सम्वर्धन योजना
- कृषकहरु लाभान्वित हुने संख्या र सम्भावनाः................................

१३.१ प्रस्तावित क्रियाकलापहबाट कृषकहरुलाई पुग्ने सेवा :

| क.स | विवरण | गत विगत | प्रस्तावित |
|---|---|---|---|
| १ | उत्पादन प्रविधि | | |
| २ | मलखाद व्यवस्था | | |
| ३ | रोगकिरा व्यवस्थापन | | |
| ४ | भण्डार/बजार व्यवस्थापन | | |
| | जम्मा | | |

१३.२ प्रयोगशाला तथा पुस्तकालयबाट कृषकहरुले पाउने सुविधा

| क.स | विवरण | गत विगत | प्रस्तावित |
|---|---|---|---|
| १ | माटो जाँच | | |
| २ | गोवर जाँच | | |
| ३ | रोगकिरा पहिचान | | |
| | जम्मा | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

- कार्यक्रम सञ्चालन हुने क्षेत्रफल..............................
- बुँदा नं. ९ अनुसारका कार्यक्रम सञ्चालन गर्ने समय तालिका:

| क्र. स. | क्रियाकलाप | चैत्र | वैशाख | जेष्ठ | असार १ सम्म |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

- अपेक्षित प्रतिफल

विद्यालयको छापः

प्रमुखको नामः सम्पर्क नं

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-४

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

### कृषि प्राविधिकधारका विद्यालयलाई सहयोग कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फारम

| क.सं | द.नं | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लाभान्वित हुने विद्यार्थी संख्या (१०) | विद्यालयको बिगतको कार्यसम्पादन (आ.व. २०७४/७५ को नतिजामा उत्तिर्ण प्रतिशत ) (१५) | पेश गरेको व्यावसाय योजना तथा कार्ययोजना (५५) | कृषकहरु लाभान्वित हुने सम्भावना तथा कृषि क्षेत्रमा योगदान (२०) | कुल प्राप्ताङ्क (१००) |
| | | | | <२०=५ | <४०=७ | उत्पादन योजना- १० | कृषकलाई प्रविधि विस्तार-१० | |
| | | | | २०-३०=७ | ४०-६०=१० | बजार योजना-१० | कृषकलाई प्रयोगशाला सुविधा-१० | |
| | | | | >३०=१० | ६१-८०=१३ | वित्तीय योजना-५ | | |
| | | | | | >८०=१५ | आपुर्ती योजना-५ | | |
| | | | | | | प्राविधिक उपयुक्तता-१० | | |
| | | | | | | अनुभव-५ | | |
| | | | | | | विद्यार्थी परिचालन तथा पुँजीगत सम्वर्धन योजना-१० | | |

- अनुदान व्यस्थापन समितिले मूल्याङ्कनको भार विस्तृतीकरण गरी मूल्याङ्कन गर्नेछ।

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-५

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

### सम्झौता-पत्रको ढाँचा

प्रदेश सरकार, प्रदेश नं ५, ............................................. मार्फत सञ्चालन गरीने चालु आ.व. ............ को स्वीकृत ...................................... कार्यक्रम सञ्चालन गर्न ...................................... कार्यालय (यस पछि प्रथम पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका विद्यालय श्री .................................... (यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी /गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौ/लियौ।

१. ...................... ..................निर्देशनालय/कार्यालयले प्राविधिकधारका विद्यालय/संस्थानलाई कार्यक्रम सञ्चालनको लागि कार्ययोजना अनुसार कार्य सम्पादन पश्चात एकमुष्ट भुक्तानी / कार्यविधी अनुसार रकम अनुदान स्वरुप उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफुले आवेदन गरे अनुसारको ........................ कार्यक्रम सञ्चालन गर्नेछ।

३ दोस्रो पक्षले प्रस्तावना अनुरुपका कार्यक्रम तथा खरिद कार्यहरुको बिस्तृत कार्ययोजना १५ दिनभित्र पेश गरी प्रचलित कानून बमोजिम कार्य गर्नु पर्नेछ।

४. प्रथम पक्षले समय सापेक्ष नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गराउनेछन्।

५. यो सम्झौता उल्लेखित् काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् आफै हुनेछ।

६. यस सम्झौतामा उल्लेख भएको विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
| --- | --- |
| कार्यालयको तर्फबाट सही गर्नेको | विद्यालय/संस्थानको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| | दाँया बाँया |

सचिव